यस्तो कुनै दिन जाँदैन जब सेवकहरू बिहान उठ्छन्, आकाशबाट दुईटा स्वर्गदूतहरू ओर्लँदैनन्। एउटा स्वर्गदूत भन्छ, 'हे अल्लाह! खर्च गर्नेलाई उत्तम प्रतिफल दिनुहोस्, अर्को भन्छ: हे अल्लाह, कंजूषलाई नष्ट गर्नुहोस्।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभएको छ : "यस्तो कुनै दिन जाँदैन जब सेवकहरू बिहान उठ्छन्, आकाशबाट दुईटा स्वर्गदूतहरू ओर्लँदैनन्। एउटा स्वर्गदूत भन्छ, 'हे अल्लाह! खर्च गर्नेलाई उत्तम प्रतिफल दिनुहोस्, अर्को भन्छ: हे अल्लाह, कंजूषलाई नष्ट गर्नुहोस्।"
[सही] [मुत्तफकुन अलैहि]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो, हरेक दिन, जब सूर्य उदाउँछ, दुई स्वर्गदूतहरू अवतरण गर्छन् र पुकार्छन्। एक जना भन्छन्: हे अल्लाह, असल काममा, आफ्ना सन्तानहरूमा, पाहुनाहरूमा र अन्य स्वेच्छिक कामहरूमा खर्च गर्नेहरूलाई राम्रो प्रतिफल देऊ र उनीहरूको सम्पत्तिमा आशिर्वाद देऊ। जबकि अर्कोले भन्छ: हे अल्लाह! जसले आफ्नो हात खर्च गर्नबाट रोक्छ, त्यसको सम्पत्ति नष्ट गर, जुन उसले हकदारहरूलाई दिनबाट रोकेको छ।

http://sunnah.global/hadeeth/ne/show/3379